का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ फागुन २०८२
मंगलबार
24 February 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २४, अंक ३३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कुनै दललाई छैन बहुमतको आस



रास्वपाले प्रत्यक्षमा ५० सिट र ५० लाख समानुपातिक मतको अपेक्षा गरेको छ । कांग्रेसले १०० सिट पार गर्ने लक्ष्य लिएको छ । एमाले र नेकपा साबिकको सिट सुरक्षित गर्ने कसरतमा छन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ फागुन

गत संसद्मा २१ सिटसहित चौथो बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचनमा १ सय ५१ सिट ल्याउने दाबी गरेको छ। सार्वजनिकरूपमा यस्तो दाबी गरेपनि उसको आन्तरिक आकलन भने फरक छ ।

चुनावी प्रक्रिया सुरु हुँदा रास्वपाप्रतिको क्रेज जसरी बढेको थियो, चुनाव नजिकिँदै जाँदा त्यही अवस्था कायम राख्ने सकेको छैन । तर कांग्रेस-एमाले, नेकपासहितका पुराना दलहरूको माहोल एकाएक बढ्दै गएको दाबी गरेका छन् । कांग्रेस र एमालेले पनि आफ्नो पक्षमा बहुमत आउने दाबी छाडेका छैनन् । यद्यपि भित्रीरूपमा उनिहरू एक अर्काप्रति त्रसित छन् । निर्वाचनमा कसले कति सिट प्राप्त गर्छ भन्ने आकलन गरिहाल्न नसकिने भएपनि विश्लेषक, विज्ञहरू र सरकारी तथा गैरसरकारी क्षेत्रका सूचना अधिकारीहरूले समेत आ-आफ्नै तर्क पेस गर्दै आएका छन् ।

चुनावमा भाग लिएका दलहरूले भने आफ्नो आन्तरिक र बाह्य विश्लेषणलाई हेरेर मोटामोटी संख्याको आकलन गरेका छन् । जुन विषय अहिले नै उनीहरू बाहिर ल्याउन चाहँदैनन् । वास्तविक आकलनले निर्वाचन परिणामलाई घाटा हुने दल तथा उम्मेदवारहरूको ठम्याइ छ । तर सार्वजनिकरूपमा भने सबै दलहरूले आफ्नो पक्षमा बहुमतदेखि ठुलो दल बन्ने अपेक्षासहितको घोषणा गरेका छन् । २०७९ मा मुख्य प्रतिस्पर्धी रहेका कांग्रेस-एमाले यस पटक खुम्चिने अवस्थामा छन् भने त्यसबेलाको संसद्मा २१ सिटसहित चौथो बनेको रास्वपामा उभरा देखिन्छ । २७५ मध्य १५१ सिट जित्ने औपचारिक दाबी गरेपनि आन्तरिक आकलन भने ४० देखि ४५ सिट प्रत्यक्ष र ४० लाखभन्दा बढी समानुपातिक मत पाउने रास्वपाको अपेक्षा छ । रास्वपाका एक पदाधिकारीले भने, 'हामीले अहिले १ सय ५१ सिट पाउँछौं भनेका छौं । सार्वजनिकरूपमा त्यसबाट तल झर्ने कुरा भएन । तर आन्तरिक आकलन चाहिँ पहिलो बन्ने नै हो । दुबै गरी कम्तीमा ८५-९० सिटको वरपर लिएर पहिलो दल बन्ने अपेक्षा छ ।' वर्तमान निर्वाचन प्रणालीले नै कसैलाई पनि बहुमत दिलाउन सक्ने अपेक्षा गर्न नसकिने उनको प्रतिक्रिया थियो ।

त्यस्तै नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले दुई हप्ताअघि नै अबकी बार १०० पार भनेका थिए । तर पछिल्लो »» पृष्ठ २ मा

# सहाराविहीन साम्बा

## चोटले मैदानबाहिर उपचारका लागि मागिन् साथ



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ फागुन

'नमस्कार, म सावित्रा भण्डारी, तपाईंहरूको साम्बा...'

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारीले सामाजिक सञ्जालमार्फत यस्तो सम्बोधन गरिन्, जुन सामान्य वा नियमित स्टाटस थिएन । त्यो थियो- घुँडाभित्रको पीडा र व्यवस्थाभित्रको मौनतासँग जुधिरहेको एक खेलाडीको बयान ।

विगत सात हप्तादेखि साम्बा मैदानबाहिर छिन् । उनको घुँडाको एसिएलमा यसअघि गरिएको शल्यक्रियाको ग्राफ्ट र एमसिएल दुवैमा गम्भीर चोट लागेको छ । जसका कारण पुनः जटिल शल्यक्रिया गर्नुपर्ने छ । एउटा खेलाडीका लागि समयको धेरै महत्व हुन्छ, तर साम्बाको उपचार प्रक्रिया भने समयमै अघि बढ्न सकेको छैन ।

उनका अनुसार अघिल्लो चोटका बेला अखिल नेपाल फुटबल संघ (एन्फा) नेतृत्वले उपचार व्यवस्थापन गरेको थियो । त्यतिबेला आर्थिक र प्रशासनिक झन्झट भएन । समयमा शल्यक्रिया भयो, पुनरागमन सम्भव भयो र उनी फेरि गोलका साथ फर्किइन् । तर यसपटक अवस्था उल्टिएको छ । क्लबको पहलमा तीन सातापछि शल्यक्रियाको मिति तय भए पनि एन्फाले आफ्नै तर्फबाट प्रयास गर्ने बताउँदै प्रक्रिया रोक्यो । »» पृष्ठ २ मा

## हामी साथमै छौं : एन्फा

एन्फाले साम्बाले सामाजिक सञ्जालमार्फत व्यक्त गरेको अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । एन्फाका प्रवक्ता सुरेश शाहले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै साम्बाको उपचारबारे विभिन्न पहल भइरहेको स्पष्ट पारेका छन् ।

एन्फा प्रवक्ता शाहले व्यावसायिक क्लब फुटबलमा खेलाडी घाइते भए उपचारको जिम्मेवारी सम्बन्धित क्लबकै हुने अन्तर्राष्ट्रिय प्रचलन रहेको उल्लेख गरेका छन् । साम्बाको उपचारका लागि क्लबले न्युजिल्यान्डमै अस्पतालमा प्रक्रिया अघि बढाएको भए पनि उनले कतारमा उपचार गराउने इच्छा व्यक्त गरेपछि त्यसका लागि पहल थालिएको एन्फाको भनाइ छ ।

एन्फाले साम्बाको उपचारसम्बन्धी आवश्यक समन्वयका लागि कतार फुटबल संघसँग औपचारिक पत्राचार गरिसकेको जनाएको छ । साथै एन्फा अध्यक्षले व्यक्तिगत तहबाट पनि पटक-पटक आवश्यक पहल र ताकेता गरिरहेको जानकारी दिइएको छ । साम्बाको आग्रहअनुसार एन्फाले परराष्ट्र मन्त्रालयमार्फत »» पृष्ठ २ मा

# निदाइरहेका बेला जब बस त्रिशूलीमा खस्यो



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ११ फागुन

संखुवासभाका मानबहादुर थापा ओमन उड्दैथिए । सोमबार बिहान ९:२५ बजेको टिकट लिएर उनी काठमाडौं आउँदै थिए । दुई महिने बिदामा घर आएका उनी आइतबार साँझ पोखराबाट काठमाडौं आउने रात्रिबस चढे । घरपरिवार छोडेर वैदेशिक रोजगारीका लागि जाँदा त्यसै पनि मन भारी थियो । रातको १ बजे उनी झुपुक्क निदाउनै लागेका थिए, बसभित्र एकैपटक यात्रुहरु चिच्याउन थाले । झसंग भएर उठ्दा गाडी सडकदेखि तल त्रिशूली नदिको किनारमा खस्यो ।

'बस खसेकोसम्म थाह छ, त्यसपछि म बेहोस भएछु,' त्यो कहालीलाग्दो क्षण सुनाउँदै थापा भन्छन्, 'होसमा आउँदा म अस्पतालको बेडमा थिएँ ।'

उनको टाउको, नाक र घाँटीसहित शरीरभरी चोट लागेको छ । राष्ट्रिय ट्रमा सेन्टरमा उपचार गराइरहेका उनी होसमा आएपछि उडान सम्झेर पुनः झस्किए । ओमानको फ्लाइट त अघि नै छुटिसकेको थियो । भन्छन्, 'ओमन पुग्नेबेलामा म अस्पतालको बेडमा छु ।' अस्पतालमा उनलाई भाईले साथ दिइरहेका छन् । »» पृष्ठ २ मा

## रोकिएन आचारसंहिता उल्लंघन
# रमिते निर्वाचन आयोग

आचारसंहिता उल्लंघनमा एक लाख रुपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्दसम्मको कारबाही गर्न सक्ने व्यवस्था छ । तर कारबाहीको हदसम्म आयोग अगाडि बढ्न सकेको छैन ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ फागुन

निर्वाचनको दिन जति नजिकियो उति निर्वाचन आचारसंहिता उल्लंघनका घटना बढ्दो छ । निर्वाचन आयोगकै अनुसार शिक्षक र कर्मचारी राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारमा संलग्न भएका छन् । चुनावी प्रचारमा बालबालिकाको प्रयोग भइराखेको छ । बजार तथा चोकमा पार्टीका रंगीबिरंगी झन्डा टाँग्न नपाइने प्रावधानको पालना भएको छैन । यस्तोमा आयोगले सरोकारवाला पक्षलाई सचेत गराउने बाहेक थप कारबाही प्रक्रिया अगाडि बढाउन सकेको छैन ।

निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायण प्रसाद भट्टराईले विज्ञप्ति निकालेर भनेका छन्, 'आचारसंहिता विपरित केही प्राध्यापक, शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको उजुरी आयोगमा प्राप्त भएको छ ।'

यस्तोमा आयोगले विज्ञप्ति नै निकालेर शिक्षक र कर्मचारीलाई दल र उम्मेदवारको चुनावी प्रचारमा नजान भनेको छ । निर्वाचन आचारसंहिता २०८२ को दफा १० को खण्ड (क) मा बिद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षक कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसारमा संलग्न हुन नपाउने प्रावधान छ । चुनावी प्रचारमा बालबालिकाको »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मागपत्र प्रमाणीकरण सरलीकरण गर्न जापानस्थित नेपाली दूतावासको ध्यानाकर्षण

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
टोकियो, जापान, ११ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डलले मागपत्र प्रमाणीकरण सरलीकरण गर्न जापानस्थित नेपाली राजदूतावासको ध्यानाकर्षण गराएको छ । मंगलबार जापानको राजधानी टोकियोमा हुने दोस्रो जापान-नेपाल रोजगार सम्मेलनमा भाग लिन आएको संघ प्रतिनिधिमण्डलले सोमबार नेपाली राजदूतावास टोकियोमा कार्यवाहक राजदूत



हरिहरकान्त पौडेललाई भेटेर रोजगार सम्मेलनको तयारीसहित लामो समयदेखि समाधान नभएको मागपत्र प्रमाणीकरण »» पृष्ठ २ मा

## शून्य लागतमा इमिनेन्सले पठाएका कामदारहरू खुसी



बहुचर्चित कम्पनी आइओआई प्लान्टटेसन सर्भिस एसडिएन बिएचडीको फ्रि भिसा फ्रि टिकट अर्थात् शून्य लागतको डिमान्ड एमिनेन्स रिक्रुटमेन्ट इन्टरनेसनल प्रा.लि.मा आएको जानकारी मलेसियाबाटै साथीहरूले दिएका थिए ।

वैदेशिक रोजगारमा जान म्यानपावर कम्पनी र एजेन्टलाई आफन्त र साथीभाइले »» पृष्ठ २ मा

**काठमाडौं/मस-**
रोजगारीका लागि मलेसिया जान सुनसरीको इनरुवाबाट काठमाडौं आएका विक्रम उराव आफूलाई सूचना दिने साथी तिलक लिम्बूले भनेझैं भएपछि दंग थिए । त्यस्तै दंग थिए धनकुटाका सञ्जय श्रेष्ठ पनि ।

उनीहरू दुवै जनालाई मलेसियाको

**कुवेतमा रोजगार**
कम्पनी: ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/११/११ चलानी नं.: ६०२५२९०७ LT. No.: 339525

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ४७,५६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, 9852651444,
Email :- snepalhr@gmail.com
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४

**Urgently Required**
Think Biz manpower agency in Nepal requires following posts on an urgent basis.

| Post | Nos. |
|---|---|
| Documentation Officer (Male/Female) | 2 Nos. |
| Public Relation Officer (Male/Female) | 4 Nos. |

- Applicants must have minimum 5-6 years of experience in the related field.
- Education Minimum +2

Salary is Negotiable

**THINK BIZ INTERNATIONAL PVT.LTD.**
Subhidhangar Marg, Tinkune, Kathmandu
Tel : 01-5914635, 9818532169
Email: info@thinkbiz.com.np

**सम्बन्धित कम्पनीद्वारा अन्तर्वार्ता स्थगित गरिएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **मुस्कान ओभरसिज प्रा.लि.** (श्रम इजाजत नं. १३४२/०७४/७५)ले वैदेशिक रोजगारबाट पूर्व स्विकृति प्राप्त मागपत्र बमोजिम निम्न Lt No : 338308, 338309, 338310 को Wiwynn technology service Malaysia sdn Bhd कम्पनीको फाइनल अन्तर्वार्ता फेब्रुअरी २६ र २७ मा हुने भनिएकोमा कम्पनीले नै हाललाई अन्तर्वार्ता स्थगित गराएकोले उक्त मितिमा फाइनल अन्तर्वार्ता नहुने सम्पूर्ण आवेदकहरू, सम्बन्धित सरकारी निकाय तथा अन्य सम्बन्धित सबैलाई यो सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ । यसबाट आवेदकहरू लगायत सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं । साथै यस कम्पनीका बारेमा जानकारी लिनु परेमा यस प्रा.लि.को कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गर्दछौं ।

**Muskan Overseas Pvt. Ltd**
Gov.lic.:1342/074/75
Samakhushi-26, Kathmandu, Nepal, Tel: 01-4959026, 01-4963094, MObile No : 9851141056, 9851039725, Email: muskanoverseas786@gmail.com, info@muskanoverseas.com.np, Web: www.muskanoverseas.com.np

मध्यान्ह
www.madhyanhadaily.com



# साउदीको बुरैदामा राहदानी नवीकरण घुम्ती सेवा

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, ११ फागुन

नेपाली राजदूतावास रियादको आयोजनामा तथा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् साउदी अरब अन्तर्गत रहेको क्षेत्रीय समन्वय समिति अल-कासिमको समन्वयमा साउदी अरबको अल-कासिम प्रान्तस्थित बुरैदा शहरमा राहदानी नवीकरण घुम्ती सेवा तथा श्रमिक सचेतना कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

२० फेब्रुअरी २०२६ का दिन सम्पन्न उक्त घुम्ती सेवाअन्तर्गत राहदानी नवीकरण फाराम संकलन, राहदानी वितरण, ट्राभल डकुमेन्टलगायतका विभिन्न सेवा-सुविधा प्रदान गरिएको थियो। कार्यक्रम नेपाली राजदूतावास रियादका द्वितीय सचिव अमर नेपालीको नेतृत्वमा सम्पन्न भएको हो।

सेवा प्रवाहमा तृतीय सचिव कमल कुँवरसहित स्थानीय कर्मचारीहरू डेभिड महर्जन, हेमन्त आचार्य, अब्दुल्ला राई तथा ध्रुवराज तिम्सिना सक्रिय रूपमा खटिएका थिए।



सोही अवसरमा नेपाली राजदूतावास रियादका श्रम सहचारी कविराज उप्रेतीको नेतृत्वमा प्रथम सचिव टिकराम शर्मा, तृतीय सचिव दिनेशप्रसाद शिवाकोटी तथा जनसम्पर्क अधिकृत सरोजचन्द्र अधिकारीबाट नेपाली श्रमिकहरूका लागि श्रमिक सचेतना कार्यक्रमसमेत आयोजना गरिएको थियो। एनआरएनए एनसीसी साउदी अरबका सचिव ध्रुवराज कटुवालले सञ्चालन गरेको उक्त कार्यक्रममा अल-कासिम क्षेत्रका विभिन्न संघ-संस्थाका पदाधिकारी, एनआरएनकर्मी तथा नेपाली श्रमिक दाजुभाइ तथा दिदीबहिनीहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

कार्यक्रममा साउदी अरबमा बसोबास तथा रोजगारीका क्रममा पालना गर्नुपर्ने नियम-कानुन, श्रमिकका हक-अधिकार, सामाजिक सुरक्षा र त्यसका लाभ, साथै विभिन्न कम्पनीहरूमा कार्यरत नेपाली श्रमिकहरूले भोग्दै आएका समस्यामाथि प्रश्नोत्तरसमेत गरिएको थियो। सहभागीहरूले कार्यक्रम अत्यन्त उपयोगी र जानकारीमूलक रहेको प्रतिक्रिया दिएका थिए।

उक्त सेवाबाट अल-कासिमसहित अनैजा, हायल, जुल्फी लगायत आसपासका विभिन्न स्थान तथा कम्पनीहरूमा कार्यरत २ सय ८८ जना नेपाली श्रमिकहरूले प्रत्यक्ष लाभ लिएका छन्। राजदूतावास रियादद्वारा जारी गरिएको पूर्व सूचनाअनुसार राहदानी नवीकरणका लागि एचभ-भ्लचयाँिभलत फाराम सेवाग्राही स्वयंले भरेर उपस्थित हुनुपर्ने व्यवस्था गरिएको थियो। फाराम भर्न नसक्ने वा पहुँच नपुगेका श्रमिकहरूलाई सहयोग पुऱ्याउन साउदीमा सक्रिय संघ-संस्था तथा सामाजिक व्यक्तित्वहरूले निःशुल्क रूपमा फाराम भरी सहयोग गरेका थि।

कार्यक्रमका लागि बिहीबार साँझ बुरैदामा उपस्थित भई शुक्रबार बिहान ७ बजेदेखि बेलुका ४ बजेसम्म निरन्तर खटिएर राजदूतावासको टोली तथा एनआरएनए पदाधिकारीहरूले सेवाग्राहीहरूलाई सेवा प्रदान गरेका थिए। घुम्ती सेवालाई व्यवस्थित र सफल बनाउन एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य विशालकुमार श्रेष्ठ, एनसीसी साउदी अरबका उपाध्यक्ष मनिष कोइराला, आरसीसी अल-कासिम प्रमुख सल्लाहकार राजकुमार श्रेष्ठ, एनसीसी सचिव ध्रुव कटुवाल, सदस्य काजीमान कन्डङ्वा, कृष्ण अधिकारी, आरसीसी सल्लाहकार तथा समाजसेवी तिल राना, आरसीसी अल-कासिमका अध्यक्ष विनोद खड्कालगायत सम्पूर्ण आरसीसी टिम, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा समाजसेवीहरूको उल्लेखनीय भूमिका रहेको थियो।

रियादस्थित राजदूतावाससम्म धाउनुपर्ने बाध्यता र खर्चिलो यात्राबाट मुक्त भएकोमा सेवाग्राहीहरू अत्यन्त सन्तुष्ट देखिएका थिए।

घुम्ती सेवा सफलतापूर्वक सम्पन्न भएकोमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरबले नेपाली राजदूतावास रियादका कार्यवाहक महामहिम राजदूत शृजना अधिकारीसहित सम्पूर्ण दूतावास परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै, आगामी दिनहरूमा पनि यस्ता सेवा शिविरहरू निरन्तर सञ्चालन गरिदिन विनम्र अनुरोध गरेको छ।

---

## कुनै ...

चुनावी माहोल हेर्दा सकारात्मक भएकाले एकल बहुमतको सरकार बनाउनेगरी पार्टीमा उभार आएको कांग्रेसको सार्वजनीक दाबी छ। पार्टीका प्रवक्ता देवराज चालिसेले भने, 'हाम्रो चुनावी अभियानमा माहोल निकै राम्रो हुँदै गएकाले बहुमत ल्याउने अपेक्षामा पुगेका छौं। कांग्रेस बदलिएर देश बदल्ने योजनासहित मतदातामा पुगेसँगै पहिलो पार्टी बन्ने कुरामा हामी ढुक्क छौं।' तर, कांग्रेसले बाहिर बनेजस्तो सजिलो भने छैन्। आन्तरिक आँकलनमा कांग्रेसले आफुलाई अहिलेसम्म दोस्रोमै राखेको बुझिन्छ। उक्त दलले प्रत्येक्षमा ५०-५५ र समानुपातिकमा २५-२८ लाख मत पाउने अपेक्षा राखेको छ। यसरी हेर्दा कांग्रेस ८०-८५ सिटसहित दोस्रो स्थानमा आउने अनुमान गरेको छ। राजनीतिक विश्लेषक र सरकारी अधिकारीहरू पनि यो संख्यालाई मिल्दो जुल्दे भएको बताउँछन्। राजनीतिक विश्लेषक मुमाराम खनालले रास्वपाको ह्वीम र सुधारिएको कांग्रेसबीच धेरै अन्तर नहुने बताए। उनले भने, 'ठूलो पार्टी चै कांग्रेसनै बन्छहोला। किनकी रास्वपामा जाने धेरै भोट कांग्रेसमा गगन थापा आएपछि रोकेका छन्।'

गत निर्वाचनमा दोस्रो स्थानमा रहेको नेकपा एमालेले पनि आफू सहज बहुमत ल्याउने बताउँदै आएको छ। एमाले नेता महेश बर्तौलाले भने, 'यो पटक प्रत्यक्ष र समानुपातिक गरी सरकार बनाउन पुग्ने (१३८) बहुमत प्राप्त हुन्छ। एमालेले सरकार बनाउन बनाउँछ।' तर एमालेले विगतको मत जोगाउँदै मुस्कील हुने पार्टीकै कतिपय नेताहरूले बताएका छन्। एमालेले आन्तरिक आँकलनमा भने ५५-६० सिटको अपेक्षा राखेको बताइएको छ। 'पार्टीप्रति चौतफिृ आक्रमण बढीरहेको अवस्थामा पार्टीले ५५ देखि ६० सिट जित्यो भने पनि हाम्रो उपलब्धि हो', एमालेका एक पदाधिकारीले मध्यान्हलाई बताए। अहिले पूराना नेताप्रति आम नागरिकको वितृष्ण बढ्दै गएकाले एमालेले नयाँ व्यक्तिलाई अघि सारेर गएको भए उसलाई फाइदा हुने विश्लेषक मुमाराम खनाल बताउँछन।

त्यस्तै नेकपाले पनि आफुले सरहकार बनाउने सिट पाउने सार्वजनीक उद्घोष गरेको छ। तर, उसलाई विगतको अवस्थामा रहँनै चुनौति रहेको आन्तरिक विश्लेषण गरेको छ। उक्त दलले दुबै तर्फबाट ३५ सिटकको हाराहारी प्राप्त गर्ने नेताहरूले आनैपचारिकरूपमा बताएका छन्। यद्यपि गत निर्वाचनमा ३१ सिट रहेको नेकपा माओवादी, १० सिट रहेको नेकपा एकीकृत समाजवादी सहित २१ वटा वाम तथा कम्युनिष्ट घटक मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीले पहिला भन्दा निकै सुधार हुने अपेक्षा राखेको नेकपाका नेता जगन्नाथ खतिवडाले बताएका छन्।

नयाँ दलहरू श्रमसंस्कृति पार्टी र उज्यालो नेपाल पार्टी बाहिर हौसिएपनि राम्रो कत पाउँनेमा कम आशाबादी छन्। राप्रपा र मधेश केन्द्रित दललहरूको अवस्था पनि विगतको भन्दा कमजोर हुने विश्लेषकहरू बताउँछन्। सुरक्षा निकायका अनुसन्धान अधिकारीको आँकलनले कुनै दललाई बहुमत प्राप्त हुने अवस्था नदेखिएको बताउँछन्। बाहिर जति हल्ला छ मतदान प्रकृयामा त्यस्तो नदेखिने उनिहरूको भनाई छ।

चुनावकोबेला सरकारी संयन्त्रदेखि विभिन्न गैरसरकारी क्षेत्रले समेत चुनावी माहोललाई नजिकबाट केलाएर आँकडा निकाल्ने गरेका छन्। ती आँकडाहरू करिव चुनावी परिणामसँग मिल्दो जुल्दो हुने गरेका छन्। तर, आचारसंहिताले चुनाव अघि त्यस्तो तथ्यांक सार्वजनीक गर्न मिल्दैन् र सूचना अधिकारीहरूले पनि सार्वजनीक गर्दैनन। आन्तरिक छलफल र अनौपचारिकरूमा भने चुनावी आँकलनको विश्लेषण हुने गरेका छन्। प्रत्यक्षको १६५ सिनर्वाचन क्षेत्रमा चुनाव हुँदैछ भने समानुपीतकमा १ सय १० सिटका लागी मतदान हुनेछ। जम्मा २ सय ७५ सिट रहेको प्रतिनिधिसभामा सरकार बनाउनका लागि १३८ सिट प्रप्त गर्नु पर्ने हुन्छ। तर, कुनै पनि दलले आफ्नो पक्षमा बहुमत जुटाउन सक्ने भित्री अपेक्षा राखेका छैनन्। वर्तमान (मिश्रित) निर्वाचन प्रणालीले कुनै दललाई बहुमत प्राप्त गर्न निकै कठिन अवस्था छ।

निर्वाचनको परिणामले आगामी पाँच वर्ष मुलुकको शासनसत्ताको नेतृत्व कसले गर्ने भन्ने निर्धारण गर्नेछ। जेनजी आन्दोलनले तत्कालीन सरकार ढलेसँगै २०८४ मंसिरमा हुनुपर्ने आवधिक निर्वाचन दुई वर्षअघि नै हुन लागेको हो। लोकतन्त्रमा निर्वाचन केवल प्रतिनिधि छान्ने प्रकृया मात्रै नभई देशको राजीतिलाई सही दिशानिर्देश गराउने नेतृत्व छनोटको विधि हो। यही विधिको कँसीमारहेर यतिबेला लामो राजनीतिक इतिहास र विराशत बोकेका दलहरूसहित नयाँ शक्तिकारूपमा उदायका दलहरू मैदानमा छन्। दल र उम्मेदवारहरू मतदाता फकाउन निर्वाचनक्षेत्र केन्द्रित छन्। चुनावपछिको परिणामले कति स्थायीत्व दिन्छ र जेनजीको म्याण्डेट नयाँ बन्ने सरकारले पूरा गर्छ कि पूरानै अवस्था दोहोरिन्छ ? यो प्रश्न अहिले राजनीतिक बृत्तमा निकै बलियो छ। जेनजी आन्दोलनको जगबाट बनेको नागरिक सरकारले गर्न लागेको यो निर्वाचनमा परम्परागत पार्टीलाई आफुलाई नयाँ दाबी गर्दै आएका दल र स्वतन्त्र उम्मेदवारहरूले काउन्टर दिने प्रयासमा छन्।

## सहाराविहीन...

त्यसपछि भने निर्णय र प्रक्रियाको चक्र अघि बढेन। पटक-पटक सम्पर्क गर्दा पनि स्पष्ट जवाफ नआएपछि अन्ततः एन्फाबाट प्रशासनिक सहयोग गर्न नसकिने जानकारी दिइयो। नगद पाँच लाख रुपैयाँसम्म सहयोग गर्ने प्रस्ताव राखियो।

यो निर्णयसँगै पहिल्यै सुरु गरिएको प्रक्रिया अवरुद्ध भयो र साम्बा झन्डै दुई महिना ढिला भएर पुनः शल्यक्रियाको मिति खोज्ने अवस्थामा पुगिन्। एसिएलजस्तो गम्भीर चोटमा ढिलाइले करियरमै असर पार्न सक्छ। मैदानमा सेकेन्डको निर्णयले खेल जित्ने खेलाडी अहिले महिनौंको प्रतीक्षामा छिन्।

हाल उनी आबद्ध क्लबले न्युजिल्यान्डमै उपचार गराउन तयार रहेको जनाएको छ। तर अघिल्लो पटक कतारको अस्पेटार अस्पतालमा उच्चस्तरीय उपचार भएको अनुभवका कारण साम्बा पुनः त्यहीँ जान चाहन्छिन्। क्लबले बिमाबाट प्राप्त रकम निकासा गरिदिने भए पनि शल्यक्रिया र सात-आठ महिनाको पुनर्स्थापनाका लागि अनुमानित ८० हजार अमेरिकी डलर आवश्यक पर्ने अनुमान छ। उपलब्ध बिमा रकम अपुग भएपछि उनले समर्थकमाझ सहयोगको आह्वान गरेकी हुन्।

सरकारी तहमा पनि उपचार सहयोगका लागि पहल भएको छ, तर प्रक्रिया चाहेजसरी अघि बढ्न नसकेको उनले बताएकी छन्। जसका कारण राष्ट्रिय टोलीको कप्तान स्वयंले सहयोग माग्नुपरेको छ। देशका लागि वर्षौं प्रतिनिधित्व गरेकी, दक्षिण एसियाकै सर्वाधिक चर्चित स्ट्राइकरमध्ये एक खेलाडी उपचार खर्च जुटाउन संघर्षरत हुनु उनको व्यक्तिगत समस्या मात्र होइन- नेपाली खेलकुद्को प्रणालीगत कमजोरी पनि हो।

साम्बाको करियर आफैंमा संघर्षको कथा हो। किशोरावस्थामै राष्ट्रिय टोलीमा प्रवेश गरेर गोलपछि गोल गर्दै उनले नेपाली महिला फुटबललाई नयाँ उचाइमा पुऱ्याइन्। भारतको लिग जित्दा होस् वा इजरायल र फ्रान्समा खेल्दा, उनले नेपालको नामलाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याइन्। अहिले अष्ट्रेलियाको ए लिगमा प्रतिस्पर्धा गर्दै विश्व फुटबलसँग कदम मिलाइरहेकी छन्। उनले जहाँ खेले पनि आफ्नो पहिचान राष्ट्रसँगै जोडिएको बताउँदै आएकी छन्।

यही खेलाडी आज लेख्छिन्- 'थाकेको हो, हारेको छैन।' एन्फाभित्र 'क्लबका लागि खेल्दा लागेको चोट' भन्ने तर्क सुन्दा आफू निराश भएको उनले संकेत गरेकी छन्। तर आधुनिक फुटबलमा क्लब र देश अलग-अलग होइनन्। क्लबको प्रतिस्पर्धाले नै खेलाडीलाई अन्तर ष्ट्रिय स्तरमा तयार बनाउँछ।

राष्ट्रिय टोलीको कप्तानको उपचार ढिलाइले एन्फा र सरकारी निकायप्रति प्रश्न उठाएको छ। यदि युरोपसम्म पुगेर खेलेकी कप्तान उपचारका लागि सार्वजनिक सहयोगमा निर्भर हुनुपर्छ भने, घरेलु लिगमा संघर्षरत अन्य खेलाडीहरूको अवस्था कस्तो होला ?

साम्बा फेरि मैदान फर्कने विश्वास व्यक्त गर्छिन्। उनलाई विश्वास छ- 'यो चोटले थकाए पनि हराउन सक्दैन।' तर उनको पुनरागमन केवल व्यक्तिगत दृढताले मात्र सम्भव हुँदैन, त्यसका लागि एन्फाको प्रतिबद्धता र राज्यको उत्तरदायित्व पनि उत्तिकै आवश्यक हुन्छ।

कप्तानको घुँडा अहिले शल्यक्रियाको प्रतीक्षामा छ। सँगै प्रतीक्षामा छ- नेपाली खेल प्रशासनको संवेदनशीलता।

## हामी...

उपचार प्रक्रियामा समन्वयका लागि पत्राचार गरिसकेको पनि स्पष्ट पारेको छ। यसअघि राष्ट्रिय महिला टोलीका खेलाडीहरू प्रिती राई, दीपा शाही, हिरा भुजेल, गीता राना, पुनम जर्घा मगर, रेनुका नगरकोटी र सविता राना मगरलगायतको उपचार खर्च एन्फाले नै व्यहोरेको उल्लेख गर्दै संघले खेलाडीहरूको उपचारमा संघ प्रतिबद्ध रहेको जनाएको छ।

एन्फाले साम्बाको सम्बन्धित क्लबसँग भएको सम्झौताबारे अध्ययन र छलफल गरी उपचारमा कुनै कमी हुन नदिने प्रतिवद्धता व्यक्त गरेको छ। राष्ट्रिय टोलीकी कप्तानको पीडामा एन्फा परिवार पूर्ण रूपमा साथमा रहेको र उनलाई यथाशीघ्र मैदानमा फर्काउन संघ प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ।

## निदाइरहेका...

घरमा एक छोरा, छोरी र श्रीमतीलाई छोडेर उनी ओमन जाँदै थिए। टाउको र घाँटीको चोटले उनी राम्रोसँग बोल्न सक्दैनन्। अब उनलाई विदेशको भिसाको चिन्ता छैन। बरु आफ्नो शरीर पहिलेको जस्तै हुने हो वा होईन् भन्ने चिन्ता छ। ट्रमा अस्पतालको इमरजेन्सी वार्डमा थापासहित बस दुर्घटनाका घाइतेहरुको उपचार भईरहेको छ।

तीन दिनको पोखरा घुमफिरपछि काठमाडौं फर्किदै थिईन्, तनहुँकी स्वर्णिमा खत्री। बसको सिट भरिभराउ भएपछि उनी क्याबिनमा थिईन्। 'मलगायत अन्य केही प्यासेन्जर गाडी क्याबिनमै थियौं, ड्राईभरले राम्रो गाडी चलाउनु भएको थियो,'उनी घटना सम्झिन्छिन्, 'गाडी एक्कासी सडक छोडेर नदिमा खस्न थालेपछि बल्ल थाहा पायौं।' उनी विद्यार्थी हुन्। उनको शरिरमा चोट लागेको छ। बस त्रिशुलीमा खस्दा आफू बाँच्छुजस्तो नलागेको उनी बताउँछिन्। एकै पटक ट्रमा सेन्टरमा आएपछि बल्ल होस खुलेको थियो।

बस दुर्घटनाका घाइतेको उपचारले ट्रमा सेन्टरमा आफन्तको भिड थियो। गेटमा अर्को दुःखद खबर थियो। एमेरजेन्सी वार्डको गेटमा उपचारार्थ भर्ना भएकामध्ये एक जना यात्रुको मृत्यू भएको घोषणा थियो। ती व्यक्तिको सनाखतसमेत भएको थिएन्। सेन्टरले सोमबार बिहान ६ बजेर १० मिनेटमा मृत्यू भएको जनाएको छ। उनीसँगै सेन्टरमा १४ घाईतेले उपचार गराईरहेका छन्।

सोमबार राती पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको यात्रुवाहक बस धादिङमा दुर्घटना हुँदा १९ जनाले ज्यान गुमाएका छन्। १७ जनाले घटनास्थलमै र दुई जना उपचारको क्रममा ज्यान गुमाएका हुन्। जिल्ला प्रहरी कार्यालय धादिङका अनुसार, बेनिघाट रोराङ गाउँपालिका क्षेत्रअन्तर्गत चरौंदीनजिक भैंसेडाँडा स्थानमा ग.२ ख. १२३१ नम्बरको सो बस सडकबाट अनियन्त्रित भई दुर्घटनाग्रस्त भएको थियो। घाइतेमध्ये ट्रमा सेन्टरमा १४ जना, नेशनल अस्पतालमा १० जना तथा त्रिवि शिक्षण अस्पतालमा एक जना गरी २५ जनाको उपचार जारी रहेको छ। प्रहरीले मृतकको पहिचान तथा घटनाको विस्तृत विवरण संकलन गर्ने कार्य जारी राखेको जनाएको छ।

यसैबीच, गृहमन्त्री ओमप्रकाश अर्याल घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिन सोमबार दिउँसो अस्पताल पुगेका थिए। उनले कलंकीस्थित नेपाल नेसनल अस्पताल र ट्रमा सेन्टरमा उपचाररत घाइतेहरूसँग भेटवार्ता गरी आवश्यक स्वास्थ्य सेवाका विषयमा जानकारी लिएका थिए। गृह मन्त्रालयले घाइतेहरुको उपचारलाई प्राथमिकता दिएर प्रभावकारी बनाउने, घटनाको सत्यतथ्य पत्ता लगाउन दुर्घटना जाँचबुझ समिति गठन गरी शीघ्र प्रतिवेदन बुझाएर यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरेको छ। यातायात क्षेत्रको नियमनलाई प्रभावकारी बनाउँदै नियामक निकाय र बस व्यवसायी समितिलाई जिम्मेवार बनाउने पनि बैठकले निर्णय गरेको छ।

## रमिते...

प्रयोग गर्न पनि पाइँदैन। तर, निर्वाचन आयोगमा राजनीतिक दल वा उम्मेदवारले आफ्नो झण्डा वा निर्वाचन चिह्न बोक्ने कार्यमा बालबालिकाको प्रयोग गरिरहेको उजुरी छ।

सांस्कृतिक कार्यक्रममा, ऱ्यालीमा, अमुक दल वा उम्मेदवारविरुद्धका गतिविधिमा, झण्डा वा निर्वाचन चिह्न अंकित भेस्ट-टिसर्ट-लोगो जस्ता चिजहरू प्रदर्शन गर्ने कार्यमा बालबालिकालाई सहभागी गराइएको छ।

विद्यालय समयमा विद्यालयनजिकै राजनीतिक दल वा उम्मेदवारका चुनावी गतिविधि सम्बन्धी कार्यक्रम आयोजना गरी शैक्षिक कार्यमा अवरोध सिर्जना भएका विषयहरूमा समेत उजुरी तथा गुनासो निर्वाचन आयोगमा प्राप्त भएका छन्।

यस्तो उजुरी आएपछि आयोगले विज्ञप्ति निकालेर निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न सबै पक्षलाई सचेत गराएको छ।

निर्वाचन आचारसंहिता २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ट) मा 'निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने व्यवस्था छ।

यस्तो अवस्थामा निर्वाचन आचारसंहिताको उल्लंघनमा आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्दसम्मको कारबाही गर्न सक्ने व्यवस्था छ। तर कारबाहीको हदसम्म आयोग अगाडि बढ्न सकेको छैन।

आचारसंहिता उल्लंघनमा ८० जना बढीलाई स्पष्टीकरण सोधिएको छ। त्यसरी प्राप्त जवाफमाथि कारबाही पनि भएको छैन। स्पष्टीकरणमा पठाएका जवाफसमेत निर्वाचन आयोगले सार्वजनिक गर्न चाहेको छैन।

यही १८ गतेसम्म चुनावी प्रचारप्रसारको समय छ। त्यसपछि मौन अवधि सुरु हुन्छ। आचारसंहितामा कारबाही गर्नका लागि थप स्पष्टीकरण दिने लगायतका कार्यका लागि एक साता समय लाग्ने आयोगकै अधिकारीहरू बताउँछन्। यस्तोमा कारबाही हुने हँदा फागुन १८ भित्रै निर्णय भइसक्नुपर्छ। तर, आयोग आचारसंहिता उल्लंघनको उजुरी लिइरहेको छ। केहीलाई स्पष्टीकरण सोधेको छ। बाँकी प्रक्रियामा अगाडि बढेको छैन।

## मागपत्र...

समस्याले पारेको समस्याबारे छलफल गरेको संघका महासचिव महेशकुमार बस्नेतले जानकारी दिए।

संघले जापानमा नेपालीका लागि आकर्षक तलबसहितको रोजगारीको पर्याप्त अवसर रहेपनि समयमा मागपत्र प्रमाणीकरण नहुँदा नेपाली कामदारले पाउने राम्रो अवसर गुमेको विषयमा गम्भीर ध्यानाकर्षण गराएको पनि महासचिव बस्नेतले जानकारी दिए।

जवाफमा कार्यवाहक राजदूत पौडेलले नेपाली राजदूतावासले सीमित जनशक्तिका बाबजुद काम गर्नुपरेको बताए। जापानमा एक हजार नेपाली हुँदा पनि नेपाली राजदूतावासमा ३ जनाको दरबन्दी रहेको र हाल जापानमा नेपालीको संख्या तीन लाख पुग्दा र अन्य जिम्मेवारी थपिँदा पनि जनशक्ति थप हुन नसकेका कारणले व्यवसायीहरूले अपेक्षा गरेअनुसार सेवा प्रवाह गर्न कठिनाइ रहेको कार्यवाहक राजदूत पौडेलले अवगत गराएका थिए।

संघ र राजदूतावासको छलफलमा रोजगार सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै टोकियो आएका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्लेलगायतका सरकारी कर्मचारीहरू पनि सहभागी रहेका थिए। नेपाल-जापान बहुप्रतीक्षित दोस्रो रोजगार सम्मेलन मंगलबार जापानको राजधानी टोकियोमा सुरु हुँदैछ। टोकियो महानगरीय औद्योगिक व्यापार केन्द्र हामामात्सुचो-कानमा आयोजना हुने रोजगार सम्मेलनमा भाग लिन नेपालबाट ६० भन्दा बढी म्यानपावर व्यवसायी जापान आएका छन्।

मेलामा जापानका करिब एक हजार रोजगारदाता सहभागी हुने तयारी रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष तथा रोजगार मेलाका सहसंयोजक प्रेमबहादुर कटुवालले जानकारी दिए। मेलाको जापानका न्यायमन्त्री हिरोशी हिरागुचीले उद्घाटन गर्ने कार्यक्रम छ।

जापानमा न्याय प्रणाली, अध्यागमन जिम्मेवारी न्याय मन्त्रालय अन्तर्गत रहेको छ। सम्मेलनमा नेपालका तर्फबाट श्रमसचिव डा. काफ्ले नेतृत्वको प्रतिनिधिमण्डल सहभागी हुँदैछ। मेलामा संघका महासचिव महेशकुमार बस्नेतले नेपाली कामदारको सीप, भर्ना प्रक्रियालगायतका विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम छ। विदेशी नागरिकहरूको रोजगारीका लागि जापान संघ मुख्य आयोजक रहेको रोजगार मेलाको नेपाली राजदूतावास टोकियो सहआयोजक रहेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, जापानको आप्रवासन सेवा एजेन्सी, जापान अन्तर्राष्ट्रिय प्रशिक्षार्थी र दक्ष कामदार सहयोग संगठन तथा जापान आप्रवासन संघ प्रयोजक रहेका छन्।

आप्रवासी कामदारहरूका लागि जापान प्लेटफर्म र अन्तर्राष्ट्रिय व्यक्ति विनिमय समर्थन संघलगायतका संस्था साझेदार रहेका छन्। रोजगार मेला दक्ष नेपाली युवायुवतीका लागि आगामी एक दशकसम्म लाभदायक हुने भएकाले सम्मेलन महत्वपूर्ण हुने अपेक्षा गरिएको व्यवसायीहरूले बताएका छन्।

## शून्य...

ठुलो रकम खर्च गरेको देखेका उनीहरूलाई एमिनेन्सबाट मलेसिया जान कुनै रकम लागेन। उनीहरूलाई पठाउने एमिनेन्स रिक्रुटमेन्टले काठमाडौं आउँदा लागेको बस भाडाबापत दुई हजार रुपैयाँसमेत दिएको थियो।

ओरिएन्टेसन कक्षाका दिन मासुभातले स्वागत गरेको कम्पनीले मलेसिया उड्नुअघि सुविधासम्पन्न होटलमा कम्पनीको तर्फबाट भोजन र बस्ने व्यवस्था मिलाएको थियो। मलेसिया जान एक रुपैयाँ पनि खर्च नगरेका उनीहरूले राहदानी र स्वास्थ्य परीक्षणबापत ५१० रिंगेट करिब १९ हजार रुपैयाँ मलेसियामा पहिलो महिनाको तलबमा गाभेर पाउने छन्। ओरिएन्टेसनको २१ सय रुपैयाँ पनि उनीहरूले म्यानपावर कम्पनीबाट पाएका थिए। उनीमात्रै नभई एमिनेन्स रिक्रुटमेन्टबाट मलेसिया जान लगेका अन्य ३६ जना पनि शून्य लागतमा जान पाउँदा उत्तिकै खुसी थिए।

वैदेशिक रोजगारीका लागि मलेसिया जानुअघि कम्पनी सञ्चालिका राधा केसीले सोधिन्, 'कसैले भर्ना प्रक्रियामा राहदानी बनाउने बाहेक कुनै रकम खर्च गरेको भए भन्नुस्।' जवाफमा सबैले भने, 'कुनै रकम खर्च गरेको छैनौं, कसैलाई कुनै रकम पनि दिएका छैनौं।'

सञ्चालिका केसीले शून्य लागतमा जाने कामदार छनोट प्रक्रियामा धेरै सावधानी अपनाउनुपर्ने देखिएको भएपनि पटकपटक कामदार छनोट गरेर प्रशिक्षण दिएर पठाउने गरेका कारण समस्या नभएको बताइन्। सबै कामदार मासिक न्यूनतम १७ सय रिंगेट तलबमा गएका हुन्।

म्यानपावर सञ्चालिका केसीले ओभरटाइमको धेरै चर्चा हुने गरे पनि दाबी गरेर आन्दोलन र हड्ताल नगर्न उनीहरूलाई आग्रह गरिन्। नरिवल जस्ता अन्य उच्च मूल्य बालीहरूमा उत्पादन गर्ने आइओआई मलेसियामा प्लान्टेसन क्षेत्रको दोस्रो ठुलो कम्पनी हो। सञ्चालिका केसीले होस्टल, स्वास्थ्य उपचारलगायतका प्रबन्ध राम्रो रहेको भन्दै नेपालहरू सन्तुष्टिका साथ काम गरिरहेको पनि बताइन्।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१२**

**कपुरण लाइटिङ्ग इन्डष्ट्रिज प्रा. लि.** को मिति २०८२/१०/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि. पोजेटिभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २७८८८०)** कायम गर्ने गरी मिति २०८२/११/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रकाशित मिति : २०८२/११/१२ गते**

श्री यस मानपुर सामुदायिक वन उपभोक्ता समूह, बराहताल गा.पा. ०२, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ बी ग्रेड १७ थान २१९.३ क्यु फि, सी ग्रेड ६ थान ५४.३ क्यु फि गरि जम्मा २३ थान २७३.६ क्यु फि, असना जातको गोलिया काठ बी ग्रेड २ थान ३४.१ क्यु फि, सी ग्रेड १ थान ६.४८ क्यु फि, गरि जम्मा ३ थान ४०.५८ क्यु फि, गरि जम्मा २६ थान ३१४.१८ क्यु फि काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मानपुर सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-२, सुर्खेत ।**

**काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/११/१२ गते**

यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२/०८३ मा सामुदायिक वनको ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरू कटान गरी उत्पादन भएका उपभोक्ता भित्र बिक्री नभई घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ३३१ को १८१५.९० क्यू.फिट काठ र दाउरा ४.२५ चट्टालाई (कायम गरिएको १ वटा मात्र लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउसको ३:०० बजे भित्र दाखिला गर्न हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

**विरभान सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा न.पा. वडा नं. ०७, अर्घाखाँची**

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **रोयल ओभरसिज नेपाल प्रा. लि. इजाजत पत्र नं. (१६६/०५६/०५७)** मा निम्न कर्मचारीहरु यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराईन्छ। यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | Sovit Chamlagai | Marketing Manager | 1333 |
| २. | Nisha Kunwar | Receptionist | 26-01-76-10694 |
| ३. | Suresh Sing Basnyat | General Manager | 24-01-72-01679 |
| ४. | Rajesh Katwal | PRO | 05-02-73-06362 |
| ५. | Abina Bhattari | Documentation Officer | 042044-6465 |

**रोयल ओभरसिज नेपाल प्रा. लि.**
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३

# रौतहटमा २२ जनाविरुद्ध आपराधिक उपद्रो र आगजनी मुद्दा दर्ता

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ११ फागुन




गौर नगरपालिकाको सबगढा क्षेत्रमा भएको साम्प्रदायिक तनाव र तोडफोड घटनामा संलग्न रहेको आरोपमा २२ जनाविरुद्ध आपराधिक उपद्रोह तथा आगजनी कसुरमा मुद्दा दर्ता गरिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको जनाएको छ ।

प्रहरीका अनुसार गौर नगरपालिका-६ का वडाध्यक्ष अबधविहारी साह र पूर्ववडाध्यक्ष तथा जनमत पार्टीका जिल्ला इन्चार्ज शेख जमशैदलाई जिम्मा जमानीमा आवश्यक परेको बेला उपस्थित गराउने सर्तमा रिहा गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी विष्णुप्रदीप वस्यालका अनुसार गत शनिबार भएको घटनालाई चर्काउँदै तोडफोडमा संलग्न रहेको आरोपमा शुभनारायण साह र समिर मियाँलाई थप पक्राउ गरिएको छ ।

प्रहरीले २२ जनाविरुद्ध आपराधिक उपद्रोह तथा आगजनी कसुरमा मुद्दा दर्ता गरी सूक्ष्म अनुसन्धान गरिरहेको जनाएको छ । जिम्मा जमानीमा छुटेका अबधविहारी साह र शेख जमशैदसहित तीन जनाको मोबाइल नियन्त्रणमा लिएर परीक्षणका लागि काठमाडौं पठाउने तयारी गरिएको छ । मोबाइल परीक्षणबाट दोष पुष्टि हुने प्रमाण फेला परेमा सोही कसुरअनुसार नियन्त्रणमा लिएर कारबाही गरिने डिएसपी वस्यालले जानकारी दिए ।

सुरक्षा निकायले घटनामा संलग्न अन्य व्यक्तिको पहिचान तथा खोजी कार्य जारी रहेको जनाएको छ । प्रशासनले जिल्लामा शान्ति-सुरक्षा कायम राख्न सबै पक्षलाई संयमित रहन आग्रह गरेको छ ।

मुद्दा दर्ता भएकामध्ये शेख अलियास, शेख अरमान, रितेश कुमार राम, रितिक कुमार यादव, दिपेन्द्र चन्द्रवंशी, बिनोद कुमार साह, शेख रहम्तुल्लाह, शेख मैनुदिन, अब्दुल रुमान, दिपलाल पासवान, ललन साह, शेख निराले, शेख सागिर, अहम्मद राजा, सर्फुदिन अंसारी, अफरोज महम्मद, दिपक कुशवाहा, अब्दुल समिर, बिहान साह र महम्मद कैफलगायत रहेका छन् । प्रहरीले घटनासम्बन्धी अनुसन्धान जारी रहेको जनाएको छ ।

# बाँफिकोटका प्रमुख प्रशासकीय अधिकृतसहित पाँच जनालाई सफाइ

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ११ फागुन




रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतसमेत पाँचजनालाई सफाइ दिने फैसला भएको छ । विशेष अदालतले सोमबार यस मुद्दाका सबै प्रतिवादीलाई सफाइ दिने फैसला गरेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत ७ जेठमा मुद्दा दायर गरेको थियो । जसमा बाँफीकोटका प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओली, खानेपानी तथा सरसफाइ टेक्निसियन दलबहादुर ओली, लेखापाल महेन्द्र शर्मा र शान्तबहादुर बस्नेत प्रतिवादी थिए। बस्नेत पिपलकाँडा मेलगौरी सडक योजना निर्माण गर्ने कम्पनीका प्रोप्राइटर हुन् ।

आर्थिक वर्ष ०७९/८० मा पिपलकाँडा-मेलगौरी सडक निर्माण योजनाका लागि भ्याटसहित १ करोड ९९ लाख रुपैयाँभन्दा बढी लागत अनुमान गरिएको थियो । यसमध्ये गाउँपालिकाले मालिका बस्नेत निर्माण सेवासँग ७७ लाख ४४ हजार रुपैयाँमा निर्माण सम्झौता गरेको थियो । सडक निर्माणका क्रममा २९ सय मिटर मात्र सडक बनेकोमा नापी किताबमा ३७ सय मिटर उल्लेख गरेको भेटिएको थियो ।

अख्तियारमा उजुरी परेपछि अनुसन्धान सुरु हुँदा जिल्ला दररेटअनुसार काम भएको भनी प्राप्त अनुगमन प्रतिवेदनमा अनुगमन गर्ने पदाधिकारीको हस्ताक्षर नै नभएको तथा अन्य कैफियत भेटिएको थियो । जसपछि २१ लाख ६३ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दर्ता भएकोमा विशेषले सफाइ दिएको हो ।

अदालतको आदेशपछि भएको स्थलगत प्राविधिक मुचुल्कामा ३७ सय मिटर नै सडक रहेको र आरोपदाबी अनुसारका कैफियत नभेटिएको विशेषको ठहर छ । अन्य प्रमाणले पनि भ्रष्टाचार गरेको आरोपदाबी वस्तुनिष्ठ तवरबाट पुष्टि हुन नसकेको संक्षिप्त फैसलामा उल्लेख छ ।

# निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने कार्य नगर्न काउन्सिलको आग्रह

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले स्वच्छ एवं निष्पक्ष निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने कार्य र मत प्रभावित हुने खालका सामग्री सम्प्रेषण नगर्न आग्रह गरेको छ ।

काउन्सिलका सहप्रवक्ता रामशरण बोहराले सोमबार प्रेस विज्ञप्ति जारी गरी निर्वाचनमा पत्रकारिता क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको भन्दै त्यो भूमिकालाई थप निष्ठापूर्वक निर्वाह गर्न आग्रह गरे ।

विज्ञप्तिमा भनिएको छ,'निर्वाचन सफल बनाउन राज्यका विभिन्न निकायजस्तै सञ्चार जगत्को पनि विशेष भूमिका हुने हुँदा स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित, निष्पक्ष र सन्तुलित रूपमा आचारसंहिताको परिधिभित्र रही सामग्री सम्प्रेषण गर्न र आममतदाताको विवेक, स्वतन्त्रता र गोप्य मताधिकारको सम्मान गर्न पनि काउन्सिलको आग्रह छ ।'

यस्तै, स्वच्छ एवं निष्पक्ष निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने कार्य र मत प्रभावित हुने खालका सामग्री सम्प्रेषण नगर्न, नगराउन काउन्सिलले आमसञ्चारमाध्यम, सम्पूर्ण




पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्तालगायत सम्बद्ध सबैलाई अनुरोध गरेको छ । काउन्सिलले आमसञ्चारमाध्यमको नियमित अनुगमन गरिरहेको र विगतमा झैं प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा पनि पत्रकार आचारसंहितालगायत निर्वाचन आचारसंहिता पालना भए/नभएको विषयमा विशेष अनुगमन गरिरहेको जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'प्रेस स्वतन्त्रताका नाममा प्रेषित सामग्रीले कसैलाई लाभहानी पुग्न सक्दछ । तटस्थ र निष्पक्ष भूमिकामा रहनुपर्ने पत्रकारिताजस्तो महत्वपूर्ण पेसामा आबद्ध सञ्चारमाध्यम तथा पत्रकारहरू यस महत्वपूर्ण ऐतिहासिक सन्दर्भमा थप मर्यादित, जिम्मेवार र उत्तरदायी हुनैपर्दछ । यस कार्यको हामीले अनुगमन गरिरहेका छौं ।'

# नवलपरासीमा ३७ नेता–कार्यकर्ताले गरे कांग्रेस परित्याग

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ११ फागुन

पश्चिम नवलपरासीमा चुनावी सरगर्मी बढ्दै जाँदा नेपाली कांग्रेसभित्रको असन्तुष्टि बढेको छ । सुस्ता गाउँपालिका-५, पकलिहवास्थित वडा कार्यसमितिका ३३ जना तथा बर्दघाटका ४ जना गरी ३७ जना नेता-कार्यकर्ताले एकैसाथ पार्टी सदस्यता र सबै जिम्मेवारीबाट राजीनामा दिएका छन् ।

राजीनामा दिनेहरूका अनुसार उनीहरूले विगत केही वर्षदेखि विभिन्न पदमा रही सक्रिय योगदान पुऱ्याए पनि हालको नेतृत्वले कार्यकर्ताको मनोभाव नबुझेको, अनावश्यक दोषारोपण गरेको तथा केही व्यक्तिमा हैकमवादी प्रवृत्ति देखिएको आरोप लगाएका छन् । निर्वाचन क्षेत्र नं. १ का संघीय सभापति मुकुल कुमार आचार्यमाथि प्रलोभनमा पारी जानकारीबिनै कारबाही गरेको गम्भीर आरोपसमेत उनीहरूले लगाएका छन् ।

संयुक्त हस्ताक्षरित पत्रमार्फत उनीहरूले पार्टी परित्यागको निर्णय सार्वजनिक गर्दै अब कांग्रेसको साधारण सदस्यसमेत नरहने स्पष्ट पारेका छन् । आगामी राजनीतिक सक्रियता जनअपेक्षा, पारदर्शिता र जवाफदेहितामा केन्द्रित हुने उनीहरूको भनाइ छ ।

बर्दघाटबाट राजीनामा दिनेमा सन्तोष गुरुङ, चित्रबहादुर वर्मा, सुशिल तिमिल्सिना र निरज आचार्य रहेका छन् । तीमध्ये चार जनाले राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्ने इच्छा व्यक्त गरेका छन् ।

राजीनामा समूहले पार्टीभित्रको व्यवस्थापन र निर्णय प्रक्रियाले कार्यकर्ताको मनोबल कमजोर बनाएको अनुभव साझा गर्दै साथ-



सहयोग गर्ने सबै नेता-कार्यकर्ताप्रति आभार व्यक्त गरेका छन् । शनिबार र आइतबार मात्रै ४० भन्दा बढीले कांग्रेस परित्याग गरेको दाबीसमेत गरिएको छ ।

यस घटनाले क्षेत्र नं. १ का प्रतिनिधिसभा उम्मेदवार बिनोद चौधरीमाथि प्रत्यक्ष राजनीतिक प्रभाव पार्न सक्ने विश्लेषण गरिएको छ । चुनाव नजिकिँदै गर्दा आएको सामूहिक राजीनामाले जिल्लाको राजनीतिक समीकरणमा नयाँ तरंग पैदा गरेको देखिएको छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **SRS OVERSEAS SERVICES PVT. LTD.** इजाजत पत्र न. २५२/०५८/०५९ मा कार्यरत निम्न कर्मचारीहरु यस कार्यालयमा नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | Sumi Sijapati | PRO | 29/01/70/05081 |
| २ | Manju dhakal | Documentations | 27/02/76/00986 |
| ३ | Anu thapaliya | Accountant | 450623/893 |
| ४ | Richa dhakal | PRO | 43-01-77-04713 |

**SRS OVERSEAS SERVICES PVT. LTD.** इजाजत पत्र नं. २५२/०५८/०५९
Dhumbarahi- 4, Kathmandu, Nepal, Tel: +977-15925261, 01-15925261, 5925271, 9851174498, 9705112046, 9869132809, 9851050085.Email: srsservices252@gmail.com, info@srsoverseas.com.np, Web: www.srsoverseas.com.np

## VACANCY ANNOUNCEMENT

Shalmani Overseas Pvt.Ltd. ले आफ्नो Corporate Office का लागि Energetic/Responsible staff खोजिरहेको छ।

Receptionist - 2 nos. (Female)
Public Relation Officer (PRO) - 2 nos. (Male/Female)

Requirements :-
- +2 / Bachelor's.
- Basic Computer Knowledge (MS Word, Excel, Email).
- Good Communication Skill.
- Positive attitude & Team spirit.

What We Offer:
- Attractive Salary
- Career Growth Opportunity
- Professional Working Environment

Note : Freshers/Experienced can apply.
Send your CV at info@shalamnioverseas.com

SHALMANI OVERSEAS PVT. LTD.
Gov. Lic. No. 828/066/067
Battisputali-09, Kathmandu, Nepal
Contact Us at +977-01-5923118, 9802050761, 9808200277

## साउदीमा रोजगार

कम्पनी: DAMA ADVANCED CONTRACTING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/११/११ — चलानी नं.: ६०२५२८८६ — LT. No.: 339410

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labourers | 15 | 0 | स. काममा दक्ष | 1000 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd. — Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com
Anil Tamang : 9708024284, 9804908383.

## युएईमा रोजगार

कम्पनी: GULF OASIS MANPOWER SUPPLY L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/११/११ — चलानी नं.: ६०२५२९०४ — L.T. No.: 339444

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 60 | 0 | स. काममा दक्ष | 1200 | ४७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LAXMI RECRUITMENT SERVICE PVT. LTD.
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

## युएईमा रोजगार

कम्पनी: FIBREX LLC — शहर: UAE,ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/०२/२७ — चलानी नं.: ६०२३९३१९ — LT. No.: 325369 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Metal Structure Maker | 100 | 0 | | 1200 | ४७,४६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PREMIUM HUMAN RESOURCE — श्रम इजाजत नं. १६३१/०८०/०८१
Samakhusi -03, Kathmandu, Nepal, Tel No: 01–5917815, 5917814
Mobile : 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## ओमनमा रोजगार

कम्पनी : BIN RASHID GLOBAL SPC — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०४/०५ — चलानी नं.: ६०२४१३०५ — LT. No.:327441 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner-Public Buildings | 1 | 0 | स. काममा दक्ष | 100 | ३७,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BIN RASHID GLOBAL SPC — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०८/१२ — चलानी नं.: ६०२४७९२८ — LT. No.: 334309 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner-Public Buildings | 51 | 0 | स. काममा दक्ष | 100 | ३७,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि. — श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## UAE मा रोजगार

कम्पनी : DUBAI PIPES FACTORY LLC — शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.: ६०२४४६७३ — L.T. No.: 330896 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 27 | 0 | स. काममा दक्ष | 1000 | ३९,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KHUMBU OVERSEAS SERVICES PVT. LTD. — श्रम इजाजत पत्र नं. ४५६/०६०/०६१
सिनामंगल, काठमाडौं, नेपाल , फोन: ०१४११६६८३, Email:khumbuoverseas1@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL ARABA TOP CAR SERVICES EST. — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/११/१० — चलानी नं.: ६०२५२८३१ — L.T. No.:339416

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DEEM INSPECTION COMPANY LTD ONE PERSON COMPANY — शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०८२/११/१० — चलानी नं.: ६०२५२८३२ — L.T. No.:339310

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 17 | 0 | स. काममा दक्ष | 1200 | ४६,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

K L Employment Service (P) Ltd. — श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

## रुन्टीगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा
लुम्बिनि प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/११/१२**

यस कार्यालयबाट मिति २०८२/०९/२४ को राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरिएको तपसील बमोजिमको ठेक्कामा विद्युतीय माध्यमबाट E–Bidding मार्फत रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुको मिति २०८२/११/०८ गते मूल्याङ्कन गरियकोमा न्यूनतम मूल्याङ्कित निम्न बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बोलपत्र नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.क. बाहेक |
|---|---|---|---|---|
| १. | ROLPA/RRM/NCB/05/2082/083 | स्थानिय साझेदारीमा बिद्यालय भवन निर्माण (इन्द्रदेवी आ.वि.लखना) योजना | आर.एन. दक्षिणकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४९,६१,५०५.२५ |
| २. | ROLPA/RRM/NCB/05/2082/083 | स्थानिय साझेदारीमा बिद्यालय भवन निर्माण (पद्मोदय मा.वि.दाङचोट) योजना | आर.एन. दक्षिणकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४८,११,१३५.०१ |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# साम्बाको उपचार गर

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा' अहिले घुँडाको गम्भीर चोटका कारण मैदानबाहिर छिन् । एसिएल र एमसिएलमा पहिल्यै शल्यक्रिया भइसकेको भए पनि जटिल पुनः शल्यक्रिया गर्नुपर्ने अवस्था छ । तर उपचार प्रक्रिया ढिला भएपछि उनले व्यक्तिगत सहयोगका लागि अपिल गरेकी छिन् । ख्यातिप्राप्त खेलाडी एवं राष्ट्रिय टोलीको कप्तानलाई यस्तो अवस्था आउनु आफैंमा दुःखद् छ । यसले नेपाली खेलकुदको व्यवस्थापकीय कमजोरीलाई पनि उजागर गरेको छ । अघिल्लो चोटमा अखिल नेपाल फुटबल संघ (एन्फा)ले समयमै उपचारको व्यवस्था गरेर साम्बालाई मैदानमा फर्काएको थियो । यसपटक भने क्लब र संघमध्ये कसले उपचार गर्ने भन्ने बेलैमा टुंगो लागेन । प्रशासनिक ढिलाइ र आर्थिक व्यवस्थापनका कारण अहिले उपचार प्रक्रिया नै रोकिएको छ । उपचारका लागि अनुमानित ८० हजार अमेरिकी डलर आवश्यक हुने अनुमान छ । एन्फा र सरकारी निकायबाट अपेक्षित गम्भीरता नदेखाइएपछि मन दुखाएर साम्बाले समर्थकहरूसमक्ष सहयोग माग्न थालेकी छिन् । राष्ट्रका लागि वर्षौं योगदान गरेका खेलाडीले उपचारका लागि सार्वजनिक सहायता माग्नुपर्ने स्थिति आएको छ ।

साम्बाले खेल क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ । किशोरावस्थामै राष्ट्रिय टोलीमा प्रवेश, भारतको लिग जित, अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व– यी सबैले उनलाई राष्ट्रिय गौरवको खेलाडी बनाएका छन् । उनीजस्तो खेलाडीको घाइते अवस्था व्यक्तिगत समस्या मात्र पक्कै होइन । उनी खेल्दाखेल्दै घाइते भएकी हुन् । क्लबमा खेल्दा घाइते भएको तर्क गर्दै एन्फा आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । आधुनिक फुटबलमा क्लब र राष्ट्रिय टोलीलाई अलग गरेर हेर्न मिल्दैन । क्लबमा खेलेको अनुभवले नै खेलाडीलाई विश्वस्तरका प्रतिस्पर्धाका लागि तयार बनाउँछ, जुन राष्ट्रिय टोलीका लागि लाभदायी हुन्छ ।

साम्बाको उपचार ढिलाइले केही प्रश्न उठाएको छ । यदि राष्ट्रिय टोलीकै कप्तानले व्यक्तिगत प्रयास र सार्वजनिक सहयोगमा निर्भर हुनुपर्छ भने घरेलु लिगका अन्य खेलाडीको अवस्था के होला ? स्वास्थ्य उपचारजस्तो संवेदनशील विषयमा सम्बद्ध निकायले कुनै पनि बाहनामा लापरबाही गर्न मिल्दैन । राष्ट्रिय टोलीका सबै खेलाडीको स्वास्थ्य र पुनर्स्थापना राज्यको प्राथमिकतामा हुनुपर्छ । खेलाडीको चोट र उपचारप्रति एन्फा र सरकारी निकायले तुरून्तै समन्वय र आर्थिक व्यवस्थापन गरेर प्रक्रिया अघि बढाउनुपर्छ । फेरि मैदान फर्कन सक्ने साम्बाको दृढता र आत्मविश्वास प्रशंसायोग्य छ । तर उनको पुनरागमन अब उनको व्यक्तिगत इच्छाशक्तिबाट मात्र सम्भव छैन । त्यसका लागि एन्फाको प्रतिबद्धता, सरकारी उत्तरदायित्व र खेलकुद व्यवस्थापनको संवेदनशीलता आवश्यक छ ।

# निर्वाचनको विश्वसनीयता र लोकतन्त्रका संरक्षकहरू

**अग्रलेख**



● रामप्रसाद पौडेल

नेपालको प्रजातान्त्रिक समाजको स्थायित्व र प्रगतिको लागि प्रहरी, पत्रकार र मानवअधिकार संस्थाहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ । यी तीन पक्ष एक-आपसमा निर्भर र परस्पर पूरक छन् र यी सबैको कार्यक्षमता र इमानदारिता जनताको विश्वास र समाजको न्यायप्रणालीमा आधारित छन् । यी तीन पक्षहरूको मिलनले मात्र नेपालको लोकतान्त्रिक मूल्यहरूको संरक्षण गर्न सकिन्छ । यस लेखमा यी तीन पक्षहरूको गहिरो विश्लेषण गरिनेछ र तिनीहरूको समाज र लोकतान्त्रिक प्रक्रियामा कस्तो प्रभाव परेको छ भन्ने कुरा पनि स्पष्ट गरिनेछ ।

नेपालको संविधानले प्रहरीलाई जनताको सुरक्षा र राष्ट्रको अस्मिताको रक्षा गर्ने जिम्मेवारी दिएको छ । सुरक्षा बलको कर्तव्य भनेको जनता र राष्ट्रिय सम्पत्तिको रक्षाका लागि संवैधानिक कदम चाल्नु हो । तर, प्रहरीको कार्यक्षेत्र अत्यन्त संवेदनशील र चुनौतीपूर्ण छ, विशेषगरी नेपालजस्तो विविध र जातीय भिन्नताले भरिएको समाजमा । प्रत्येक निर्णय र कार्यमा अत्यधिक संवेदनशीलता आवश्यक हुन्छ । यसको मतलब यो हो कि प्रहरीले आफ्नो काम गर्दा बल प्रयोग गर्ने सन्दर्भमा अत्यधिक सतर्कता अपनाउनुपर्छ र संविधान र कानुनी ढाँचाभित्र रहनुपर्छ ।

नेपालमा प्रहरीको इतिहास गौरवपूर्ण छ । सशस्त्र संघर्षका समयमा सुरक्षा बलका सदस्यहरूले अनेक मानवअधिकार उल्लंघन गरेका थिए । युद्धकालका घटनाहरूले प्रहरीको छवि धुमिल पारेको छ र त्यसका कारण जनतामा सुरक्षा बलप्रति एउटा नकारात्मक दृष्टिकोण बनिसकेको छ । यद्यपि, अहिलेको नेपालमा सुरक्षा बलले जनतालाई विश्वास दिलाउनका लागि पारदर्शिता र इमानदारी अपनाउन आवश्यक छ । प्रहरीले संवैधानिक अधिकारको संरक्षण गर्नका साथै जनताको हकको उल्लंघन नगर्ने सुनिश्चित गर्न जरुरी छ ।

नेपालको संविधानमा जनताको अधिकारहरूको सुनिश्चितता गरिएको छ र प्रहरीलाई यी अधिकारहरूको संरक्षण गर्ने दायित्व पनि दिइएको छ । यदि सुरक्षा बलले न्यायपूर्ण र संवेदनशील ढंगले काम गर्दैन भने जनताको विश्वास गुम्न सक्छ र यसले प्रजातान्त्रिक प्रक्रियामा नकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले, प्रहरीको भूमिका सुधार गर्न र सशक्त बनाउन महत्वपूर्ण छ, ताकि जनतालाई सुरक्षा दिने काम सही र संवेदनशील ढंगले गर्न सकियोस् ।

पत्रकारिता भनेको प्रजातान्त्रिक समाजको प्रमुख आधार हो । पत्रकारहरूको कार्य भनेको सरकारका गलत निर्णयहरूको आलोचना गर्नु, जनतालाई साँचो जानकारी दिनु र शासकका गतिविधिहरूको निगरानी गर्नु हो । पत्रकारिता जनताको आवाज बन्ने काम गर्छ र यो लोकतान्त्रिक प्रक्रियामा पारदर्शिता र निष्पक्षता ल्याउँछ । नेपालको प्रसारमाध्यमले प्रजातान्त्रिक अभ्यासलाई सुदृढ गर्ने र जनताको आवाज सुन्ने काम गर्दै आएको छ ।

तर, नेपालमा पत्रकारिता ठूलो चुनौतीको सामना गर्दै आएको छ । प्रहरीको दबाब, सरकारको हस्तक्षेप र प्रायः पत्रकारहरूको सुरक्षाको कमीले लोकतान्त्रिक मूल्यहरूको रक्षा गर्नमा बाधा पुऱ्याएको छ । पत्रकारिता केवल सूचना मात्र नभई विचारको स्वतन्त्रता र मानवअधिकारको पनि संरक्षक हो । यद्यपि, नेपालका केही पत्रकारहरूले उत्पीडन र डरको सामना गरेका छन् । यसले सरकारको आलोचना गर्दा आफूलाई सुरक्षित महसुस नगर्ने वातावरण सिर्जना गरेको छ ।

पत्रकारिता जनताको मुद्दामा सरकार र सुरक्षा निकायलाई जाँच्ने, त्यसको निगरानी गर्ने र तिनीहरूको कार्यको आलोचना गर्ने भूमिका खेल्छ । यसको माध्यमबाट सरकार र प्रहरीको पारदर्शिता कायम राख्न मद्दत पुग्छ । यदि पत्रकारलाई सुरक्षा र स्वतन्त्रता दिन सकियो भने यसले लोकतान्त्रिक संस्थाहरूलाई मजबुत बनाउँछ । पत्रकारहरूको स्वतन्त्रता र सुरक्षामा हस्तक्षेप नगर्नु महत्वपूर्ण छ, ताकि उनीहरूले सत्य र निष्पक्ष सूचना प्रस्तुत गर्न सकून् ।

नेपालका विभिन्न मानवअधिकार संस्थाहरूले जनताको अधिकार र स्वतन्त्रताको रक्षा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यद्यपि, नेपालमा सुरक्षा बल र प्रशासनिक निर्णयहरूको असर जनताको अधिकारमाथि पर्दछ । सशस्त्र संघर्ष र अन्य समयमा मानवअधिकार उल्लंघनका घटनाहरू प्रमाणित भएका छन् । यी उल्लंघनका घटनाहरूले जनताको विश्वासमा गम्भीर असर पारेका छन् ।



मानवअधिकार संस्थाहरूले सरकार र सुरक्षा निकायको निगरानी गर्ने कार्य गर्दछन् र यसले जनताको हक र स्वतन्त्रताको रक्षा गर्न सहयोग पुऱ्याउँछ । नेपालमा यस्ता संस्थाहरूले समाजमा मानवअधिकारको शिक्षा र चेतना फैलाउने काम पनि गरेका छन् । यसले नागरिकलाई आफ्नो हक र अधिकारको बारेमा जानकारी दिन र संविधानका आधारमा न्याय प्राप्त गर्न सक्षम बनाउँछ ।

नेपालको संविधानले मानवअधिकारको सुरक्षामा स्पष्ट धारणा राखेको छ र मानवअधिकार संस्थाहरूको कार्यक्षेत्रमा संरक्षणका लागि कडा नियम बनाएको छ । मानवअधिकार संस्थाहरूले कुनै पनि प्रकारको मानवअधिकार उल्लंघनको निगरानी गर्न र त्यसको विरोधमा आवाज उठाउन महत्त्वपूर्ण भूमिका निभाएका छन् । यस्ता संस्थाहरूको कार्यप्रणालीलाई संवेदनशील र पारदर्शी बनाउनु जरुरी छ, ताकि कुनै पनि प्रकारको अधिकारको हनन हुन नपाओस् ।

यी तीन पक्ष- प्रहरी, पत्रकार र मानवअधिकारका संस्थाहरू लोकतान्त्रिक समाजका स्तम्भ हुन् । यिनीहरूको बीचको समन्वयले समाजमा न्याय र समानता कायम राख्न मद्दत पुऱ्याउँछ । यी तीनको सहकार्यले लोकतान्त्रिक प्रक्रियामा सुधार र जनताको विश्वासको पुनःनिर्माण गर्दछ । जब पत्रकारहरूले सरकारका गतिविधिहरूको रिपोर्टिङ गर्छन्, प्रहरी सुरक्षा र कानुनको पालन गरिरहेको छ भन्ने सुनिश्चितता दिन्छ र मानवअधिकार संस्थाहरूले त्यसको निगरानी गर्छन् भने, प्रजातान्त्रिक प्रक्रिया अझ प्रगति गर्छ ।

लोकतन्त्रको स्थायित्व र नागरिकको अधिकारको संरक्षणमा यी तीन पक्षको भूमिका अत्यन्त महत्वपूर्ण छ । प्रहरीले जनताको सुरक्षा र कानुनी दायरामा काम गर्दा, पत्रकारले सरकार र प्रशासनको निगरानी गर्दै निष्पक्ष समाचार प्रदान गर्दा र मानवअधिकार संस्थाले जनताको हक र स्वतन्त्रताको रक्षा गर्दै न्यायको पक्षमा खडा हुँदा नेपालको प्रजातान्त्रिक प्रक्रिया सशक्त र दिगो बन्छ ।

नेपालमा प्रहरी, पत्रकार र मानवअधिकारका संस्थाहरूको बीचको सँगसँगै कार्य गर्ने अभ्यासले देशको लोकतन्त्रमा समृद्धि र स्थिरता ल्याउनेछ । यस्ता संस्थाहरूको सहकार्य जनताको विश्वास जित्नका लागि आवश्यक छ र तिनीहरूको समन्वयले नेपालको प्रजातान्त्रिक मूल्यहरूको संरक्षण गर्ने आधार बनाउँछ ।

नेपालको पछिल्लो प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा करिब १ करोड ७९ लाख मतदाता दर्ता भए पनि करिब ६१ प्रतिशत मात्र मतदान हुनु सहभागितामा कमी आएको संकेत हो । निर्वाचन आयोगले देशभर हजारौं मतदान केन्द्र स्थापना गरी व्यवस्थापन गरेको भए पनि बदर मतको संख्या, युवापुस्ताको न्यून उत्साह र शहरी क्षेत्रमा घट्दो सहभागिताले लोकतान्त्रिक चेतनामा अझ सुदृढीकरण आवश्यक देखाउँछ ।

निर्वाचन अवधिमा नेपाल प्रहरीलगायत सुरक्षा निकायको व्यापक परिचालनले अधिकांश स्थानमा शान्तिपूर्ण वातावरण कायम गऱ्यो । तर केही क्षेत्रमा झडप, तोडफोड र आक्रमणका घटना सार्वजनिक हुनु सुरक्षा व्यवस्थापन अझ संवेदनशील र अधिकारमैत्री हुनुपर्ने संकेत हो । राष्ट्रिय मानव अधिकार आयोगले पनि अनुगमनका क्रममा भीड नियन्त्रण, पक्राउ प्रक्रिया र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विषयमा ध्यानाकर्षण गराएको थियो ।

वर्तमान परिप्रेक्ष्यमा सामाजिक सञ्जालमार्फत फैलिने भ्रामक सूचना, राजनीतिक ध्रुवीकरण र अविश्वासको वातावरणले निर्वाचनको विश्वसनीयतामा प्रभाव पारिरहेको देखिन्छ । यस सन्दर्भमा नागरिक शिक्षा सुदृढ पार्नु, सुरक्षा निकायलाई मानवअधिकारसम्बन्धी तालिम र स्पष्ट आचारसंहिता लागू गर्नु, निर्वाचन खर्चमा पारदर्शिता बढाउनु तथा सूचना व्यवस्थापनलाई जिम्मेवार बनाउनु आवश्यक देखिन्छ । निर्वाचनको सफलता केवल मतगणनामा सीमित हुँदैन; जनविश्वास, पारदर्शिता र मानवअधिकारको सम्मान नै यसको वास्तविक आधार हुन् ।

*नेपालमा प्रहरी, पत्रकार र मानवअधिकारका संस्थाहरूको बीचको सँगसँगै कार्य गर्ने अभ्यासले देशको लोकतन्त्रमा समृद्धि र स्थिरता ल्याउनेछ । यस्ता संस्थाहरूको सहकार्य जनताको विश्वास जित्नका लागि आवश्यक छ र तिनीहरूको समन्वयले नेपालको प्रजातान्त्रिक मूल्यहरूको संरक्षण गर्ने आधार बनाउँछ ।*

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

आसन्न चुनावले दलहरूलाई कस्तो परिणाम देला, अहिले नै ठोकुवा गर्न सकिन्न । तर परिणाम जे जस्तो आए पनि, चुनावबाट निर्मित सरकारका लागि विकास-निर्माण त परको कुरा भयो, मुलुकको सामान्य शासन-व्यवस्था सञ्चालनसमेत निकै कठिन हुन सक्छ भन्ने संकेत देखिँदैछ । आशा छ, मेरो यो आकलन गलत साबित होस् ।



**अरूण सुवेदी**

धेरैको रगत बग्यो त्यसपछि भाटभटेनीहरू, हिल्टन, सिजी, चन्द्रागिरि केबुलकार, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत धेरैका घर जले, अब ठेकेदार चौखुऱ्याउनुपर्छ, इन्जिनियर थुन्न पर्छ, अनि न बन्छ देश ।



**प्रेम घर्ती मगर**

विगतमा अनेकौं आन्दोलन भए र ती आन्दोलनको आडमा परिवर्तन पनि गरिए । तर सबै प्रकारका परिवर्तनहरूले नेपाल र नेपालीलाई के दियो भन्ने आत्म समीक्षा गर्नुपर्ने समय आएको छ । त्यसैले पहिला मुलुकको गम्भीर राष्ट्रिय समस्याको समाधान गर्नुपर्छ । त्यसपछि मात्र निर्वाचन प्रक्रियातर्फ अघि बढ्नु पर्छ ।



**निर्मल प्रसाई**

सडक स्तरोन्नति, स्वास्थ्यमा सुधार, शिक्षामा गुणस्तर, शुद्ध पिउने पानी, स्वच्छ हावाको ग्यारेन्टी संविधानले गरेको छ । दुर्भाग्यवश, एउटै मूलभूत अधिकार कार्यान्वयन भएको छैन, नत्र त्रिशूलीमा बस खस्दैनथ्यो, दैनिक तीन हजार विद्यार्थी बिदेसिनु पर्दैनथ्यो ।


## इतिहासमा आज



२४ फेब्रुअरी २००७ मा जापानले आफ्नो चौथो जासूसी उपग्रह प्रक्षेपण गरेको थियो, जसले उत्तर कोरिया जस्ता सम्भावित खतराहरूको निगरानी गर्ने क्षमता जापानलाई बढाएको थियो ।



२४ फेब्रुअरी २००८ मा फिडेल क्यास्ट्रोले ३२ वर्षपछि क्युबाको राष्ट्रपति र मन्त्रिपरिषद्को पदबाट अवकाश लिएका थिए । त्यसपछि पनि उनी थप तीन वर्ष कम्युनिष्ट पार्टीको प्रमुखको रूपमा रहे ।



२४ फेब्रुअरी २०२० मा मलेसियाली राजनीतिक संकट निम्त्याउने पाकातान हारापन सरकारलाई प्रतिस्थापन गर्ने प्रयासपछि महाथिर मोहम्मदले मलेसियाको प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए ।



२४ फेब्रुअरी २०२२ मा डोनेट्स्क र लुहान्स्कलाई स्वतन्त्र राज्यको रूपमा मान्यता दिएको केही दिनपछि, रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले २०२२ मा युक्रेनमा रूसी आक्रमणको आदेश दिएका थिए ।

# कर न्याय र लोकतन्त्र

**विश्वका कुरा**



● खगेन्द्र पौडेल

*अत्यधिक सम्पत्तिमा कर लगाउनु दण्ड होइन, सामाजिक सन्तुलन कायम गर्ने उपाय हो । लोकतन्त्रलाई जोगाउन र राज्यलाई जनउत्तरदायी बनाउन कर न्याय अपरिहार्य छ ।*

विश्व अर्थतन्त्र आज निर्णायक मोडमा उभिएको छ । एकातिर बहुपक्षीय कर सहकार्य कमजोर पार्ने प्रयास भइरहेका छन्, अर्कोतर्फ अत्यन्तै धनी वर्ग र ठूला बहुराष्ट्रिय कम्पनीहरूको प्रभाव राज्य नीतिमाथि झन् बलियो बन्दै गएको छ । यस्तो अवस्थामा मूल प्रश्न उठ्छ- विश्व लोकतन्त्र बलियो बनाउने कि धनतन्त्रलाई संस्थागत गर्ने ?

सन् २०२१ मा १५ प्रतिशत विश्वव्यापी न्यूनतम कर्पोरेट करको सहमति ऐतिहासिक उपलब्धि मानिएको थियो । यसको उद्देश्य बहुराष्ट्रिय कम्पनीहरूले नाफा कम करदर भएका देशतर्फ सारेर कर छल्ने प्रवृत्ति रोक्नु थियो । तर शक्तिशाली देशहरूको दबाब र लबिङका कारण उक्त सहमतिमा विभिन्न छुट र अपवाद थपिए । यसले समान करको आधारभूत भावना नै कमजोर बनायो ।

यदि कुनै कम्पनीले एक देशमा उच्च कर तिर्छ र अर्को देशमा शून्य कर, अनि दुवैलाई मिलाएर औसत देखाउँछ भने न्यूनतम करको सिद्धान्त अर्थहीन हुन्छ । यसले साना तथा स्थानीय व्यवसायलाई असमान प्रतिस्पर्धामा धकेल्छ र राज्यलाई आवश्यक राजस्वबाट वञ्चित गर्छ ।

आज केही अर्बपतिहरूको सम्पत्ति कतिपय देशको कुल बजेटभन्दा ठूलो छ । आर्थिक शक्ति अत्याधिक केन्द्रित हुँदा राजनीतिक शक्ति पनि असन्तुलित बन्छ । यही अवस्थालाई कतिपयले २१औं शताब्दीको 'सिजरवाद' भन्छन्- जहाँ जनसमर्थनको नाममा सत्ता र स्रोत केही सीमित हातमा केन्द्रित हुन्छन् । यस्तो प्रवृत्तिलाई रोक्न अत्यधिक सम्पत्तिमा न्यायोचित कर अनिवार्य हुन्छ ।

विश्वका केही देशहरूले प्रगतिशील कर सुधारमार्फत सकारात्मक संकेत दिएका छन् । ब्राजिल, स्पेन, कोलम्बिया र ट्युनिसियाजस्ता देशहरूले उच्च आम्दानी र सम्पत्तिमा कर बढाएर सामाजिक लगानी विस्तार गरेका छन् । अमेरिकाको क्यालिफोर्नियामा समेत अर्बपतिहरूको सम्पत्तिमा एकपटक कर लगाउने प्रस्तावमाथि छलफल भइरहेको छ । यी प्रयासहरूले देखाउँछन्- प्रगतिशील करले अर्थतन्त्र ध्वस्त पार्दैन, बरु राज्यको क्षमता सुदृढ बनाउँछ ।

हालको अन्तर्राष्ट्रिय कर प्रणाली पुरानो ढाँचामा आधारित छ, जुन डिजिटल युगका लागि पर्याप्त छैन । आजका प्रविधि कम्पनीहरूले भौतिक उपस्थितिबिना नै विश्वभर नाफा कमाउन सक्छन् । त्यसैले नाफालाई बिक्री, रोजगारी र वास्तविक आर्थिक गतिविधिका आधारमा देशहरूबीच बाँडफाँड गर्ने एकीकृत कर दृष्टिकोण आवश्यक छ ।

अनुमानअनुसार बहुराष्ट्रिय कम्पनीहरूको कर छली र कर प्रतिस्पर्धाका कारण विश्वभरका सरकारहरू हरेक वर्ष अर्बौं डलर राजस्वबाट वञ्चित हुन्छन् । यसको भार अन्ततः श्रमिक र मध्यमवर्गमाथि पर्छ, जसले आफ्नो आम्दानीबाट नियमित कर तिर्छन् ।

अत्यधिक सम्पत्तिमा कर लगाउनु दण्ड होइन, सामाजिक सन्तुलन कायम गर्ने उपाय हो । लोकतन्त्रलाई जोगाउन र राज्यलाई जनउत्तरदायी बनाउन कर न्याय अपरिहार्य छ । अब ढिलाइ गर्नु भनेको असमानता र शक्तिको असन्तुलनलाई स्वीकृति दिनु हो ।

अर्घाखाँचीमा १ हजार २ सय ६० कर्मचारी खटिए

# तीन तहको सुरक्षा व्यवस्था कडा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा अर्घाखाँचीमा चुनावी तयारी तीव्र पारिएको छ। फागुन २१ गते एकै चरणमा हुने निर्वाचनलाई लक्षित गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयले कर्मचारी खटनपटन सम्पन्न गरेको छ भने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई तालिम दिन सुरु गरिएको छ।

जिल्ला निर्वाचन कार्यालय अर्घाखाँचीका प्रमुख बुद्ध प्रसाद पौडेलका अनुसार सोमबार र मंगलबार गरी खटिएका मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई प्रशिक्षण सुरु गरिएको हो। मुख्य निर्वाचन अधिकृत सिबलाला पाण्डेले मतदान प्रक्रिया, कानुनी तथा व्यावहारिक पक्ष, आचारसंहिता कार्यान्वयन, मतगणना र विवाद व्यवस्थापनसम्बन्धी विषयमा विस्तृत प्रशिक्षण दिइएको जानकारी दिए।

सहभागी मतदान अधिकृत भरत प्रसाद सापकोटाका अनुसार मतदान केन्द्र स्थापना, मतपेटिका व्यवस्थापन, आकस्मिक अवस्था सम्हाल्ने तरिका तथा जिम्मेवारी र अधिकार क्षेत्रबारे स्पष्ट रूपमा प्रशिक्षण दिइएको छ। तीन नगरपालिका र तीन गाउँपालिका गरी ६१ वडा रहेको जिल्लामा १ लाख ७१ हजार ६ सय ५२ मतदाता रहेका छन्। जिल्लाभर १ सय २ मतदान स्थल र २ सय ९ मतदान केन्द्र तोकिएका छन्। दुई अस्थायी मतदान केन्द्रमध्ये एक जिल्ला कारागारमा सञ्चालन हुनेछ।

एक निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीमा निर्वाचन सम्पन्न गराउन १ हजार २ सय ६० भन्दा बढी कर्मचारी परिचालन गरिएको छ। प्रत्येक मतदान केन्द्रमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी र एक जना



सहयोगी कर्मचारी खटाइने व्यवस्था मिलाइएको छ। अस्थायी मतदान केन्द्रमा भने एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत र एक जना सहयोगी कर्मचारी रहनेछन्। आवश्यक परे मतदाताको संख्याका आधारमा स्वयंसेवक समेत नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न तीन तहको सुरक्षा व्यवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए। उनका अनुसार सबै सुरक्षा निकाय परिचालन भइसकेका छन् र मतदान शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सुरक्षा संयन्त्र पूर्ण तयारीमा रहेको छ।

निर्वाचनको सरगर्मी बढे पनि धेरै मतदाता जिल्ला बाहिर तथा बजार क्षेत्रमा रहेकाले गाउँघरमा अपेक्षाकृत चहलपहल कम देखिएको छ। स्थानीयवासीका अनुसार मतदान मिति नजिकिँदै जाँदा बाहिरिएका मतदाता फर्किएपछि गाउँमा पुनःचहलपहल बढ्ने अपेक्षा गरिएको छ। पहाडी जिल्लामा जंगली जनावर–बाँदर, बँदेल र दुम्सी–को आतंक मुख्य समस्या बनेको छ। स्थानीयले यसलाई प्रमुख चुनावी मुद्दा बनाएका छन्। 'राजनीतिक भाषणभन्दा खेती जोगाउने प्रतिबद्धता आवश्यक छ,' एक स्थानीय कृषकले बताए।

यसपटक अर्घाखाँचीमा एक महिलासहित १५ जना उम्मेदवार चुनावी मैदानमा छन्। विभिन्न राजनीतिक दलका १२ र तीन स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएका छन्। मुख्य प्रतिस्पर्धामा नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी र नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने आकलन गरिएको छ।

एमाले विगतको विरासत जोगाउने दाउमा छ भने लामो समयदेखि जित हात पार्न नसकेको कांग्रेस यसपटक आक्रामक रूपमा मैदानमा उत्रिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपाले पनि जितको दाबी गर्दै चुनावी प्रतिस्पर्धा थप रोचक बनाएका छन्। दलगत एजेन्डाभन्दा पनि खेती संरक्षण, रोजगारी सिर्जना र आधारभूत विकासका मुद्दा मतदाताका प्राथमिकतामा परेकाले फागुन २१ को मतपरिणाम कसको पक्षमा जानेछ भन्ने अनुमान गर्न कठिन भएको छ। अर्घाखाँचीमा चुनावी तापक्रम बढ्दो छ, तर मतदाताको मन जित्ने वास्तविक प्रतिस्पर्धा अझै बाँकी नै छ।

## स्वास्थ्यकर्मीलाई निर्वाचनमा नखटाउन आग्रह

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वास्थ्यकर्मीलाई नखटाउन निर्वाचन आयोगलाई आग्रह गरेको छ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले निर्वाचनको समयमा सम्भावित दुर्घटनालाई ध्यान दिएर स्वास्थ्यकर्मी नखटाउन आग्रह गरिएको बताए। उनले भने, 'निर्वाचनको समयमा हुनसक्ने दुर्घटना र अन्य आकस्मिक घटनाको जोखिमलाई हेरेर स्वास्थ्यकर्मी चौबिसै घण्टा तयारी अवस्थामा रहनुपर्ने हुन्छ। त्यसैले हामीले आयोगसमक्ष स्वास्थ्यकर्मीलाई निर्वाचनमा नखटाउन आग्रह गरेका छौं।'

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१२**

**प्रिसियस एकेडेमी अछाम**को मिति २०८२/१०/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **संस्कार मन्टेश्वरी स्कूल अछाम (दर्ता नं. १६३०६६)** कायम गर्ने गरी मिति २०८२/१०/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### बाह्रवन साझेदारी वन उपभोक्ता समूहको सूचना सच्याईएको बारे

मिति २०८२/१०/२४ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यस बाह्रवन साझेदारी वन उपभोक्ता समूह, वनवेहडा ६ कैलालीको काठ दाउरा संकलन सम्बन्धी सूचनामा गोलिया काठ संकलन कार्य प्रति क्यू.फिट १५३.९५ हुनुपर्नेमा १६०.५३ क्यू.फिट भएको हुनाले सो सुचना सच्याइएको व्यहोरा जानकारी गराइन्छ।

**बाह्रवन साझेदारी वन उपभोक्ता समूह**
**गौरीगंगा ६, वनवेहडा कैलाली**

### बीमालेख हराएको सूचना

मिति २०८२/१०/११ गतेको दिन मेरो एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड मैतीदेवी प्रधान कार्यालयबाट जारी भएको बीमालेख चाबाहिलबाट कोटेश्वर जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु।

**नामः** Chandika Chaulagain
**बीमालेख नं : ५११६००३१२६**
**सम्पर्क नंः ९८६९२८५७६२**

---

### साउदीमा रोजगार

कम्पनीः AL JAZEERA DEVELOPMENT COMPANY FACTORY FOR CEMENT PRODUCTS — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२८३७ — LT. No.:339312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Making Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No.: 167/056/057
**KANTIPUR OVERSEAS SERVICE PVT. LTD.**
Samakhushi, Kathmandu. Tel No: 4960615/4961916
E-mail: kantipurovs@gmail.com/website: www.kantipuroverseas.com

### मलेसियामा रोजगार

कम्पनी : D-SAFE FORCE SDN. BHD. — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/०९ — चलानी नं.: ६०२४५३११ — LT. No.:331075 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 78 | 0 | स. काममा दक्ष | 1700 | ६३,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NIMBUS GLOBAL HUMAN RESOURCE PVT. LTD.**
Gov. Lic No. 1376/074/75
Samakhusi Town Planning, Kathmandu, Nepal,Contact No: +977-1-5919671/4970504
Email: info@nimbusglobalhr.com, Web: www.nimbusglobalhr.com

### ओमनमा रोजगार

कम्पनी :MARKAZ EALAM ALDALAL — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/११/११ — चलानी नं.: ६०२५२८३१ — LT. No.:339339

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Beautician | 0 | 3 | स. काममा दक्ष | 170 | ६४,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी :NEW MUSCAT INVESTMENT LLC — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२८६३ — LT. No.:339318

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५६,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 3 | 0 | | 160 | ६०,४५४ | | | | | | | |
| 3. | Cafe Waiter | 0 | 3 | | 140 | ५२,८९७ | | | | | | | |
| 4. | Cleaner General | 2 | 0 | | 100 | ३७,७८४ | | | | | | | |
| 5. | Cook-arabic Food | 1 | 0 | | 200 | ७५,५६८ | | | | | | | |
| 6. | General Baker | 1 | 0 | | 220 | ८३,१२४ | | | | | | | |
| 7. | Juice Maker | 0 | 1 | | 160 | ६०,४५४ | | | | | | | |
| 8. | Western Food Cook | 1 | 0 | | 150 | ५६,६७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १९ गते (3 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NEPAL MANPOWER PVT. LTD.**
Govt.Lic.No. 1099/073/074
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9741662083 / 9741662084 / 9768994695 / 9841553820 / 9851167990
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np

---

# Lamkichuha Municipality
## Office of the Municipal Executive
**Bhalka, kailali**
**Sudurpaschim Province, Nepal**

## Invitation for Online Bids

**Date of publication: 2082/11/12**

1. Lamkichuha Municipality, Bhalka, Kailali invites electronic bids under e-procurement system from eligible *bidder for the following construction work as shown in table below:*

| S. N. | Contract Package ID | Description of Works | BID Security Amount | Price of BID Document NRS. (Non Refundable) | Estimated Amount RS. (inclusive VAT & PS) |
|---|---|---|---|---|---|
| *1* | *09/LCM/W/ 2082/083* | *Construction of Mangaladevi Singh Ismirti Park* | 2,85,000.00 | 3000.00 | 10,826,283.72 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Lamkichuha Municipality, Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp.Tel:091-419046 and email address of employer: lamkicm@gmail.com
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : **Rastriya Banijya Bank, Lamki,Kailali**
   Name of Office : **Lamkichuha Municipality, Kailali**
   Rajaswa (revenue) Shirshak no. **:14229**
   Office Code no. **: 801077707**
   Office Account no.: **4450100301010002** LAMKI CHUHA NA.PA. (GA-1-1)-AANTARIK Rajaswa (revenue)
3. Electronic bids must be submitted through e-procurement portal http://www.bolpatra.gov.np/egp before **2082/12/12 at 12:00 hours** Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2082/12/12 at 14:00 hours** at the office of Lamkichuha Municipality, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to be mention above in table, which shallbevalidfor30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction of various Construction work mentioned above municipality reserves right to amend, Correct at any time. Such amendment and correction shall be published in the national dailynewspaper, noticeboard of the Lamkichuha Municipality, Bhalka, Kailali.
8. Any intimidation, collusion and car telling during bidding process shall be punishable bylaw.
9. If the last date of purchasing and /or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

---

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय लुक्ला, सोलुखुम्बुको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/११/१२ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय लुक्ला, सोलुखुम्बुबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने धितो लिलाम सुचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) औ दिन अर्थात मिति २०८२ फागुन २७ गते**को दिन गोप्य शिलबन्दि बोलपत्रद्वारा शाखा कार्यालय लुक्ला, सोलुखुम्बुबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हुँदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दि बोलपत्र दिन सक्नुहुने छ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| १. **आङ दावा शेर्पा**<br>ना.प्र.नं.- १११०१२/९३<br>जारी मिति - २०६५/१२/४ जि.प्र.का. सोलुखुम्बु<br>बाबु - पासाङ काजी शेर्पा<br>बाजे - ङिमा गेल्जेन शेर्पा<br>स्थायी ठेगाना- सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गा.पा., वडा नं. १ (साविक जुभिङ गा.वि.स. वडा नं. ०१)<br>हालको ठेगाना- ऐ.ऐ | १. **आङ ङिमा शेर्पा**<br>ना.प्र.नं.- १११००५/१०<br>जारी मिति - २०६३/१२/१८, जि.प्र.का. सोलुखुम्बु<br>बाबु - वाङछु शेर्पा<br>बाजे - फुरलाक्पा शेर्पा<br>स्थायी ठेगाना- सोलुखुम्बु जिल्ला, गुदेल गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गा.पा. वडा नं. १ |

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **आङ दावा शेर्पा**को नाममा मालपोत कार्यालय, सोलुखुम्बुमा दर्ता कायम रहेको सोलुखुम्बु जिल्ला, जुभिङ गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ९०९, ९११ र ४५३ को क्षे.फ. क्रमशः १९१५, १०६७.५० र ८६५ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितीले १५ (पन्ध्र) दिन अर्थात २०८२ फागुन २६ गते** भित्र बैंकको शाखा कार्यालय लुक्ला, सोलुखुम्बुमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लुक्ला, सोलुखुम्बुबाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ।
३. बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो वाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८२ फागुन २७ अपरान्ह ३ :०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय लुक्ला, सोलुखुम्बुमा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्वन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कवोल गरेको धरौटी वाहेकको बांकी रकम बैंकमा जम्मा गर्नू पर्नेछ। अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्वन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हूने सम्पत्ति सम्वन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लुक्ला, सोलुखुम्बुमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैंङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
